# डुङ्गेश्वर गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
डाँडापराजुल , दैलेख
कर्णाली प्रदेश ,नेपाल
शिक्षा युवा तथा खेलकुद शाखा

पत्र संख्या:-२०७७/०७८
चलानी नं.:- ३४८

मिति:२०७७/०६/१८

**विषय : विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) अन्तर्गतका क्रियाकलापका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालयहरु,सबै,
डुङ्गेश्वर गाउँपालिका, दैलेख ।

प्रस्तुत विषयमा गाउँ शिक्षा समितिको मिति २०७७।०६।१३ गते बसेको बैठकको निर्णय अनुसार नेपाल सरकारबाट आर्थिक वर्ष २०७७।०७८ का लागि स्वीकृत विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) अन्तर्गतका तपसिलका क्रियाकलापहरु सञ्चालन गर्नका लागि विद्यालय छनौट गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र यस शाखामा तपसिलमा उल्लेखित कागजात सहित प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

तपसिल :

| क्र.सं | क्रियाकलाप | अनुदान कोटा | अनुदान रकम रु.(प्रति कोटा) | संलग्न गनुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| १ | विद्यालय भवन निर्माण चार कोठे (फर्निचर सहित) | १ | ३६ लाख | • भवन मागका लागि विद्यालयको पत्र<br>• वि.व्य.स को निर्णय प्रतिलिपि<br>• विद्यालयको कुल लागतको तोकिएको प्रतिशत जनश्रमदान जुटाई काम गर्ने र लागत इष्टिमेट बमोजिम रकम अपुग हुने भएमा अपुग रकम आफ्नै स्रोतवाट व्यहोरी कार्य सम्पन्न गर्ने व्यहोराको प्रतिवद्धता पत्र<br>• भवन निर्माणका लागि विद्यालयसंग प्रयाप्त जमिन भएको व्यहोरा खुल्ने पत्र तथा कागजातहरु<br>• सम्वन्धित वडाको सिफारिस पत्र |
| | | | | |

ललित कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | WASH सुविधा भएको शौचालय | २ | ७ लाख | • शौचालय मागका लागि विद्यालयको पत्र<br>• वि.व्य.स को निर्णय प्रतिलिपि<br>• विद्यालयको कुल लागतको तोकिएको प्रतिशत जनश्रमदान जुटाई काम गर्ने र लागत इष्टिमेट बमोजिम रकम अपुग हुने भएमा अपुग रकम आफ्नै स्रोतवाट व्यहोरी कार्य सम्पन्न गर्ने व्यहोराको प्रतिवद्धता पत्र<br>• शौचालय निर्माणका लागि विद्यालयसँग प्रयाप्त जमिन भएको व्यहोरा खुल्ने पत्र तथा कागजातहरु<br>• सम्वन्धित वडाको सिफारिस पत्र |
| ३ | तोकिएको सूचकाङ्कको आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | ५ | ५० हजार | • अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>• विद्यालयको स्व-मूल्याङ्कन अङ्क भरी प्रधानाध्यापकद्धारा प्रमाणित गरिएको विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूचि ३ बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम |
| ४ | माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ,किताव खरिद तथा इ-पुस्तकालय समेत) | १ | ६ लाख ५० हजार | • अनुदान मागका लागि यस अघि सरकारी तथा गैरसरकारी निकायबाट हाल माग गरेको प्रकृतिको कार्यक्रम प्राप्त नगरेको स्व-घोषणा सहितको माग पत्र<br>• वि.व्य.स.का. निर्णय प्रतिलिपि<br>• पुस्तकालय ICT वा विज्ञान प्रयोगशाला मध्ये जुन क्रियाकलापका लागि अनुदान माग गर्ने हो त्यसको स्थापनाका लागि आवश्यक कोठा भई उक्त कोठामा सम्बन्धित कार्यक्रम स्थापनाका लागि नमूना विद्यालय सञ्चालन निर्देशिका,२०७४ को सम्वन्धित खण्ड र अनुसूचीमा भएको आधार,मापदण्ड र स्पेसिफिकेशनको परिधी भित्र रहेर सार्वजनिक खरिद ऐन,नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका |
| ५ | शिक्षण सिकाइमा सूचना प्रविधि (ICT) को प्रयोगका लागि अनुदान | १ | ६ लाख ५० हजार | |
| ६ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६ लाख ५० हजार | |

डुंगेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ओडाँपराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल
२०७३

ललित कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रक्रियाहरु पूरा गरी सामग्री खरिद तथा व्यवस्थापन गर्ने कार्ययोजना सहित उल्लेख गरेर तयार पारिएको प्रस्तावना पत्र<br>● सम्बन्धित वडाको सिफारिस पत्र<br>● नोट :क्रियाकलाप शीर्षकमा माध्यमिक शब्द भएतापनि कक्षा ८ सम्म सञ्चालित आधारभूत विद्यालयले समेत माग पेश गर्न सक्नेछन् । |
| ७ | गणित,विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits) अनुदान आधारभूत तह (कक्षा ६-८) | १ | ५० हजार | ● अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>● वि.व्य.स.को निर्णय प्रतिलिपि<br>● विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट विकास एवम् स्वीकृत भएका गणित,विज्ञान र अंग्रजी विषयका सामग्रीहरु व्यवस्थापन गरी विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्नका लागि तयार पारिएको प्रस्तावना पत्र<br>● सम्बन्धित वडाको सिफारिस पत्र |

डुंगेश्वर गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
ओडा/पराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल
२०७३

................ ११।६।७८
(ललित कुमार थापा)
प्रमुख प्रशासकीय अधिकृत

ललित कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत